अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :-२०८२।०८३

च.नं.:- ४६८३

शनिश्चरे, झापा

कोशी प्रदेश, नेपाल

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

**विषयः स्थानीय पाठ्यपुस्तक कक्षा १-८ छपाइ तथा वितरण गर्न इच्छुक मुद्रक तथा वितरकहरूले सिलबन्दी दरभाउ पेश गर्नेसम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मितिः २०८३।०२।१३)

यस अर्जुनधारा नगरपालिकाको शैक्षिक सत्र २०८३ का लागि यस नगरपालिकाभित्र आधारभूत तह (कक्षा १ देखि ८ सम्म) का विद्यार्थीहरूको लागि स्थानीय पाठ्यपुस्तक **'हाम्रो अर्जुनधारा'** (कक्षा १-८) बहुरङ्गमा छपाइ गरी तपसिलको तालिकामा उल्लेखित अधिकतम मूल्य दरमा बिक्रिवितरण गर्ने प्रयोजनका लागि इच्छुक मुद्रक तथा वितरकले आफ्नो शिलवन्दी दरभाउ पत्रको प्रस्तावसहित सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेखित कागजातहरूसहित ७ (सात) दिनभित्र मुद्रणीय प्रति (Print Ready Copy-PRC) खरिदका लागि यो सूचना प्रकाशित गरिएको छ।

हरी बहादुर कवर

शिक्षा शाखा प्रमुख

हरी बहादुर कवर शिक्षा अधिकृत सातौं

क) तपसिल : सूचनाका शर्तहरू :

१) संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरणसहित) ।

२) सम्बन्धित प्रेस/छापाखाना जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको कागजातको प्रतिलिपी ।

३) दरभाउ पत्र फाराम सूचना प्रकाशित भएको मितिबाट ७ दिन भित्र कार्यालय समयमा टेन्डर दस्तुर बापत रू. १०००/-(एक हजार मात्र फिर्ता नहुने गरी) बुझाई यस नगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिनेछ वा टेन्डर खरिद गर्न चाहने ईच्छुक फर्म वा कम्पनीहरूले दरभाउपत्र खरिद वापतको रकम NIC ASIA बैंक शनिश्चरे शाखामा यस कार्यालयको नाममा रहेको अन्तरिक राजश्व खाता न. ००९२०५०५११२५८०१२ मा रू. १,०००।- (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

४) दरभाउ पत्र साथ जमानत वाफत यस कार्यालयको NIC ASIA बैङ्कमा रहेको धरौटी खाता ००९२०५०५११२५८०१८ मा रू. ९२०००/- (बयान्नब्बे हजार मात्र) जम्मा भएको भौचर पेश गर्नुपर्नेछ वा दरभाउ पत्र दाखिला गर्ने अन्तिम

अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या : -२०८२।०८३

च.नं. : -

शनिश्चरे, झापा

कोशी प्रदेश, नेपाल

मितिबाट कम्तिमा ९० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट अर्जुनधारा नगरपालिकाको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ।

५) दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ। सोहि दिनको १२:३० बजे खोलिने हुँदा सो समयमा दरभाउपत्र वा निजले तोकिको व्यक्ति उपस्थित हुनुपर्नेछ। उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६) दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य गरिनेछ ।

७) कुनै पनि व्यक्ति, फर्म वा कम्पनीको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै उचित प्रतिस्पर्धा भएको नपाईएमा पुनः सूचना प्रकाशित गर्न सकिनेछ ।

८) यस सूचनामा उल्लेख नभएका कुरा कार्यालयको निर्णय र प्रचलित ऐन, कानून बमोजिम हुनेछ । साथै कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ।

९) यस सूचनामा नपरेका अन्य कुराहरू विद्यालय पाठ्यपुस्तक तथा पाठ्यसामग्री छपाइ तथा वितरण निर्देशिका र प्रचलित ऐन नियमानुसार हुनेछ ।

१०) विद्यालयलाई छपाइपश्चात् तोकिएको समयभित्र पाठ्यपुस्तक उपलब्ध गराउने दायित्व सम्बन्धित मुद्रकको नै हुनेछ ।

११) अर्जुनधारा नगरपालिका क्षेत्रभित्र पुस्तक वितरण केन्द्रको समेत सुनिश्चतता गर्नुपर्ने छ।

१२) यससम्बन्धी अन्य कुरा बुझ्नुपरेमा कार्यालय समयभित्र यस नगरपालिकको सम्पर्क (फोन नं. ९८४७१६०६८२) राखी बुझ्न सकिनेछ ।

१३) यो सूचना यस उपमहानगरपालिकाको वेबसाइटः www.arjundharamun.gov.np बाटसमेत प्राप्त गर्न सकिनेछ।

**ख) बिक्रिवितरणका अधिकतम मूल्य दर :**

| क्र. सं. | विषय | कक्षा | परिमाण | जम्मा पेज संख्या कभर सहित | प्रति पुस्तक अधिकतम मूल्य रू | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो अर्जुनधारा कक्षा-१ | १ | ४२३ | १०० | ६०/- | पुस्तकहरुको छपाई रङ्गिन, |



हरी बहादुर कँवर
शिक्षा ... सातौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | बहुरङ्गीन हुनेछ । |
| २ | हाम्रो अर्जुनधारा कक्षा-२ | २ | ३८७ | ११५ | ६९/- | |
| ३ | हाम्रो अर्जुनधारा कक्षा-३ | ३ | ४२७ | ११५ | ६९/- | |
| ४ | हाम्रो अर्जुनधारा कक्षा-४ | ४ | ४७२ | १२० | ६६/- | |
| ५ | हाम्रो अर्जुनधारा कक्षा-५ | ५ | ५३७ | १३० | ७१.५/- | |
| ६ | हाम्रो अर्जुनधारा कक्षा-६ | ६ | ५६४ | १४१ | ७७.५५/- | |
| ७ | हाम्रो अर्जुनधारा कक्षा-७ | ७ | ६१४ | १४१ | ७७.५५/- | |
| ८ | हाम्रो अर्जुनधारा कक्षा-८ | ८ | ६८४ | १७३ | ९५.१५/- | |

**ग) पाठ्यपुस्तकको छपाइ र वितरण पश्चात भुक्तानी प्रक्रिया :**

मुद्रक तथा वितरकले पाठ्यपुस्तक वितरण गरी सम्बन्धित क्रेता वा विद्यालयबाट भुक्तानी लिनुपर्नेछ ।

**घ) मुद्रक तथा वितरकले पालना गर्नुपर्ने अन्य शर्त तथा थप जानकारीहरू :**

१) वितरण प्रणाली, भण्डारण व्यवस्था, गोदामको क्षमता तथा वितरण सञ्जाल सम्बन्धी विवरण ।

२) मुद्रण तथा वितरण कार्य अरु संस्था वा फर्मसँग मिली गर्ने भए सो संस्था र प्रस्तावक मुद्रक तथा वितरकबीच भएको सम्झौताको प्रतिलिपि तथा विगतमा सम्पन्न गरेका कार्यहरुको विवरण।

३) छपाइ मेसिनको विवरण:

(क) कक्षा १ देखि ३ सम्मका 'हाम्रो अर्जनुधारा स्थानीय पाठ्यपुस्तक २१ से.मि. २८ से.मि. र कक्षा ४ देखि ८ सम्मका 'हाम्रो अर्जुनधारा' स्थानीय पाठ्यपुस्तक १८ से.मि. २४ से.मि. आकारमा बहुरङमा छपाइ गर्नुपर्ने भएकाले उक्त कार्यका लागि उपयुक्त प्रेसको किसिम र क्षमता (साइज, छपाइ प्रेसको नाम, उत्पादन कम्पनी मोडेल, छपाइ क्षमता, आदि) खुल्ने विवरण ।

४) मुद्रण तथा वितरणको कार्य सम्झौता भएको १५ दिनभित्र छपाई गरी विद्यालयमा पुर्‍याउने सुनिश्चतता हुने गरी सम्पन्न गर्ने प्रतिवद्धता पत्र ।

५) मुद्रक तथा वितरकबाट पेस हुने प्रोफाइलसहितका प्रस्तावहरू यस नगरपालिकाबाट तोकिएको सिलबन्दी प्रस्तावमा दिइएका मूल्याङ्कन सर्तका आधारमा हुनुपर्ने छ।

हरी बहादुर कँवर
शिक्षा अधिकृत सातौं

६) तोकिएबमोजिमको गुणस्तर स्पेसिफिकेसन (Quality Specification) अनुसार पाठ्यपुस्तक छपाइ र वितरण गर्नुपर्ने छ। नगरपालिकाले उपलब्ध गराएको मुद्रणीय प्रति (Print Ready Copy-PRC) छपाइ तथा वितरण गर्नुपर्ने पाठ्यपुस्तकको प्रकाशक नगरपालिका नै रहने एवम् सर्वाधिकारसमेत नगरपालिकामा नै निहित रहने छ। मुद्रक तथा वितरकले नगरपालिकाले तोकेको मूल्यमा विद्यालयमा पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने छ।

७) नगरपालिकाले उपलब्ध गराएको छपाइ गुणस्तर स्पेसिफिकेसन (Quality Specification) बमोजिमको पाठ्यपुस्तक छपाइमा कुनै त्रुटि भएमा वा वितरण नभएको पाइएमा, मुद्रण तथा वितरण कार्य तालिकाअनुसार कार्य नगरेमा र नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा कानून बमोजिम कारबाही गरिने छ। कारबाहीमा परेका मुद्रक तथा वितरकले अर्को वर्षमा पाठ्यपुस्तक छपाइ र वितरण कार्यमा संलग्न हुन पाउने छैनन् र धरौटी रकमसमेत जफत हुन सक्ने छ ।

८) छपाइ तथा वितरणका लागि पाठ्यपुस्तक सेट सङ्ख्या विद्यार्थी सङ्ख्याका आधारमा नगरपालिकाले निर्धारण गरेबमोजिम हुने छ ।

**ङ) छपाई गर्ने कागजको स्पेसिफिकेसन (Specification of Paper):-**

| S.N. | Specification | Required Specification |
|---|---|---|
| 1 | Grammage | Inner pages 70 gsm 3% wood free Paper, Cover pages 250gsm Art board. |
| 2 | Thickness | 83-100 Microns |
| 3 | Bentsen smoothness | ml/min. 100 to 150 |
| 4 | Gurley porosity | second per 100ml maximum 15 |
| 5 | Cobb Value Gm2 | 20 |
| 6 | Moisture content | 4-6% |
| 7 | Brightness | 90%+ (minimum) |
| 8 | Opacity | 90%+ (Minimum) |
| 9 | | The paper must be in uniform formation, evenly finished and free from speaks holes, scraps, torn, creased sheets, baggy stocks and others blemishes. |

| S.n. | Materials | Front | Size | Text | Paper | Paper | Cover | Cover | Binding |
|---|---|---|---|---|---|---|---|---|---|



हरी बहादुर कवर
शिक्षा अधिकृत सातौं

अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या: -२०८२।०८३

च.नं: -

शनिश्चरे, झापा

कोशी प्रदेश, नेपाल

| | | Matters (Pages) | | Colour | Weight | Quality | Colours | Material | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Class 1-3 Local Book Hamro Arjundhara | 1-3 | 21cmX28cm | Multi | 70gsm | Woodfree 90+4 Brightness | Multi | 250gsm Art Board | Stitch & Glue Binding |
| 2 | Class 4-8 Local Book Hamro Arjundhara | 4-8 | 18cmX24cm | " " | " " | " " | " " | " " | " " |

हरी बहादुर कवर

शिक्षा अधिकृत सातौं